सघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

## होटल बिक्रिमा




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला । सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३९१ भदौ ३ बिहिबार,२०७८, August- 19 Thursday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## कृषि र भेटेनरीले उदयपुर मा यो यो काम गर्दैछन्

❖ बेद कुमारी राई



डा. अजय साहं
भेटेनरी प्रमुख



महेश कुमार चौधरी
निमित्त कृषि प्रमुख

*उदयपुर, भदौ २*

कृषि ज्ञान केन्द्र उदयपुर र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरले आयोजना गरेको २०७८ -०८९को बार्षिक कार्यक्रम सार्वजनिकीकरण गोष्ठि बुधबार जिल्ला समवनय समिती सभाहलमा बोक्सेमा सम्पन्न गरेको छ ।-*बाँकी २ पेजमा*



रौतामाई गाउपालिका उदयपुरको सरकारी मोटरसाईकल गाईघाट बजार को चिया पसलमा बिहान बेलुका भेटिन्छ। तस्बिर - मुलुकी

## एमाले ओली पक्ष गाईघाटमा उफ्रीपाफ्रि

❖ मुलुकी संवाददाता



*गाईघाट, भदौ २*

दल विभाजनका लागि सरकारले अध्यादेश ल्याएको भन्दै उदयपुरमा चर्को बिरोध भएको छ। नेकपा एमाले उदयपुर निकट राष्टिययुवा सघ नेपाल खेलकुद माहासघ र अनेरास्बियुले बुधवार सदरमुकाम गाइघाटमा सयुक्त बिरोध प्रदर्शन गर्दै 'अध्यादेश चाहिँदैन, पार्टी फुटाउन पाइदैन' भन्ने नारासहित सदरमुकाम गाइघाट परिक्रममा गरेका छन ।

नेकपा - *बाँकी ३ पेजमा*

## नारायणी ग्याँस गाईघाट, डिलर, उदयपुर



बिक्रेता -
अर्जुन तिम्सिना
यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण ।

## मुलुकी दैनिक को पाठकहरुको लागि जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना । तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला ।



## सम्पादकीय

# पंखा र सेतो प्लेट गाडीको दुरुपयोग

धाराको टुटी बन्द गरिएन भने त्यो टुटीबाट थोरै पानीको मात्रा बग्दा पनि लामो समयसम्म धेरै पानीहरु खेर जान्छ। अझ भन्ने हो भने त्यसरी पानी धारा बाट खेर जानु चुहावट हो। २०७८ साल भाद्र २ गते बुधबार त्रियुगा नगरपालिकाको तेस्रो तलामा रहेको प्राविधिक शाखामा ३ वटा पंखाहरु घुमिरहेका थिए। त्यस विभागका कर्मचारी दिउँसो ३ बजेर २० मिनेट कार्यालय समयमा कार्यकक्षमा भेटिएन। उनीहरु कार्यालय समयमा कार्यकक्षमा थिएनन्।

उनीहरु कार्यालय आएका थिए या थिएन त्यो कर्मचारीको हाजिरी गर्ने ठाउँमा हेर्दा थाहा पाईएला। तर सरकारी कार्यालय त्यसमा पनि त्रियुगा नगर पालिकाको कार्यालयमा कर्मचारी आफू कार्यकक्षमा नहुँदा त्यसरी पंखा खुल्ला नै छाडेर हिड्दा त्यो सरकारी सम्पतिको दुरुपयोग भएन र? दुरुपयोग भयो भएन भन्ने कुरा ति प्राविधिक शाखामा जो काम गर्छन ति कर्मचारीहरुले आफ्नो निजी घरमा त्यसरी नै मानिस नभएको अबस्थामा त्यसरी पंखा खोलेर हिड्न सक्छ? घण्टौ सम्म ति सरकारी कार्यालयमा घुमेको पंखाले कति बिधुत खर्च भयो? त्यो क्षतिको ति प्राविधिक शाखाका कर्मचारी जिम्मेवार हुने कि नहुने? कर्मचारी नभएको कार्यालयमा पंखा घुमेको बिषयमा त्रियुगा नगरपालिकाको निमित्त प्रमुख प्रशासकिय अधिकृत किरण कार्कीलाई बुझ्दा उनीले जबाफ दिन सकेनन्। सरकारी कार्यालय, निजी कार्यालय, घर, कोठा जहाँसुकै भए पनि बिधुत चुहावट र बचाउँको लागि सबैले सचेत भएर कार्यालयमा नहुँदा बिजुलीको पंखा बन्द गरेर हिडौं। अझ सरकारी कार्यालयमा कर्मचारी नहुँदा पंखा चलेको पाईएमा त्यस कार्यालयको कर्मचारी जिम्मेबार भएर बन्द गरौं। अझ सकिन्छ भने अरु जो कोही मानिस नभएको कोठामा पंखा घुमिरहेको छ भने बन्द गर्ने बानी बसालौं। हाम्रो सानो प्रयासले पनि धेरै ठूलो प्रभाव पार्न सक्छ।

त्यस्तै उदयपुर जिल्लाको रौतामाई गाउँपालिकाको कार्यालयको मोटरसाईकल गाईघाट बजारमा कार्यालय समय अघि पछि चिया पसल, राजनीतिक भेटघाटमा घुमिरहेको पाईएको छ। स १ ब ८०४ नम्बरको मोटरसाईकल बिहान बेलुका चियापसलमा घुम्नलाई रौतामाई गाउँपालिकाका अध्यक्षा गजेन्द्र बहादुर खड्काले के कामको लागि खटाएका हुन्? यो कुरा प्रष्ट पार्न जरुरी छ। चिया पसलमा बिहान बेलुकी साँझ के काम पर्यो रौतामाई गाउँपालिकाको त्यो मोटरसाईकलमा सवार कर्मचारीले के काम र आबश्यकताको लागि त्यो मोटरसाईकल प्रयोग गरे? रौतामाई गाउँपालिकाले मोटरसाईकल दुरुपयोग गरे।

# कृषि र भेटेनरीले यि काम गर्दैछन् उदयपुरमा

❖ बेद कुमारी राई

*उदयपुर,भदौ २*





डा. अजय साहं
भेटेनरी प्रमुख



महेश कुमार चौधरी
निमित्त कृषि प्रमुख



भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका डाक्टर अजय साहं र कृषि केन्द्रका निमीत्त प्रमुख महेशकुमार चौधरी लागाएत ८ वटै जिल्लाको उपप्रमुख,अध्यक्ष ,प्रदेश सभा सदश्य र पत्रकारहरुको उपस्थितीमा यस कार्यक्रम सम्पन्न भएको हो।

यस आर्थिक बर्षको सम्बन्धित कार्यक्रमहरुलाई सार्वजनिकीकरण गर्ने मुख्य उदेश्य लिएर आयोजना गरिएको हो। साहंका अनुसार बार्षिक २०७८-७९ को स्वीकृतवासी कार्यक्रममा भेटनरी अस्पताल ताथा पशु सेवा केन्द्रको कार्यक्रम अन्तरगर्त कुल रकम ६ करोड २६ लाख १२ हजार बजेटमा ४ वटा कार्यक्रम रहेको बताए। मन्त्रालय र बजेट एउटै कार्यलयले पठाएको र कार्यक्रम पनि एटै किसीमको भएकाले पशु र कृषि कार्यलयको कार्यक्रम एकै चोटि एकिकृत गरिएको कृषि केन्द्रका निमित्त प्रमुख महेशकुमार चौधरी ले बताए। २०७८-७९ सालमा कृषि केन्द्रले उदयपुरको लागी प्रदेश सरकारतफ ४ करोड ५३ लाख ८४ हजार छुट्याइएको छन् भन्ने संघिय सरकार तर्फ २ कररोड ४ लाख ५ हजार जम्मा ६ करोड ५७ लाख ८९ हजार बजेट छुट्यईएको चौधरीले जानकारि दिए। उक्त बजेट मा कृषि कार्यलयको १५ जना कर्मचारीले बिषदी खुद्रा विक्रेता तालिम,माटो जाँचकालागी रसायन खरिद व्यावसाय,बर्गैया फलफुल वितरण जस्ता विभिन्न २७ वटा कार्यक्रमहरु गर्नुपर्ने निमित्त प्रमुखले बताए।

मुख्य समस्या जम्म कर्मचारी दर्वन्दी संख्या १५ जना भएपनि ५ जना कर्मचारी को अभावका कारप उदयपुर जिल्लामा हिमाल,पहाड,तराई सम्म रहेकोले अनुगमनको लागी दर्वन्दी अनुसार कर्मचारीको अभा र कृषि कार्यलय भवन ढल्न लागेको ठुलो समस्या रहेको छ। यस कार्यक्रममा मुलुकलाई धेरैहिसावले परिवर्तन गरिन्छ। तर त्यस कार्यक्रमहरु साने भोलमबाट आएको र कृषि क्षेत्रमा ठुलो क्रान्ती गर्छौ भनेर जति भाषण गरिन्छ त्यति बजेट र कायक्रमको हिसावले पनि देखिएको नेपाल पत्रकार महासघं उदयपुरका अध्यक्ष भरत खड्काको गुनासो रहेको छ।

युवा मैत्री र कार्यक्रमहरु ल्यइएमा मात्र समृद्ध नेपाल बनने र कृषि क्षेत्रमा रहेका किसानलाई विमा गराउनुपर्ने भन्ने कुरामा अध्यक्षले जोड दिए। जिल्ला प्रसाशनका साहायक प्रमुख जिल्ला अधिकारी विनोद प्रशाद पोखरेलका अनुसार एस कार्यक्रमबाट शुशानलाई थप उर्जा दिने पार्दशितालाई विकाश गर्ने ,आम सहभागीतामा वृद्धि गर्ने,उत्तरदाईत्वको विकास गर्ने जस्ता कार्यहरु मा थप उर्जा मिल्ने बताए।

जिवन स्तरमा सुधार होस्,अथतन्त्र बलियो होस् र सवलतामा सुखी र खुसि नेपालीको परिकल्पना गरेको र खाद्यान्नको अभिन्न अगंको रुपमा रहेको कृषि तथा पशु भट्नरीको बिकाश होस् भन्ने शुभकामना पोखरेलले व्यक्त गरे। युवामुखी र युवालाई परिचालन गरेर आयआर्जनमा वृद्धिगरेमा समाज र नेपाली नारा समृद्ध नेपाल सुखी नेपाली बन्न सक्ने चौदण्डीगढी नगरपालिका उप्रमुख रिता चौधरीले बताईन्। यस्ता कार्यक्रमहरु भव्य र सव्य हुनको साथै सबै जनाले सुलव र सरल तरिकाले यहाको हक र अधिकार पाउन र आउने दिनमा पनि यस्ता कार्यक्रमलाई स्थानयि सरकारले उपप्रमुखको तर्फबाट नगरपालिकाको तर्फबाट साथ सहयोग गर्ने पक्षमा कुनै प्रकारको कमि नहुने कुराको सफलता शुभकामना त्रियुगा नगरपालिका उपप्रमुख देविकुमारी चौधरीले बताईन्।


# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित। गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर।

*प्रोपाइटर* - भरत चामलिङ राई

# सगरमाथा डिपाटमेन्ट स्टोर

## गाईघाट, उदयपुर

सबै घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउँमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर




प्रोपाइटर - किरण चामलिङ राई

# एमाले ओली ....






एमाले पाटी कार्यालय बाट निस्किएको सयुक्त बिरोध कार्यक्रममा सरकारले पाटी फुटाउने अध्यादेश तत्काल फिर्ता नलिए कडा भन्दा कडा सघर्षका कार्यक्रम गर्ने समेत चेतावनि दीएका छन ।

राजनीतिक दलहरुको टुटफुटका कारण देशमा अस्थिरता भएको भन्दै राजनीतिकदल सम्बन्धी ऐनमा पार्टी फुटाउन संसदीय दल र केन्द्रीय समितिमा कम्तिमा पनि ४० प्रतिशत संख्या पुर्याउनुपर्ने प्रावधान राखिएको भएपनी बर्तमान सरकारले त्यस बिपरीत कार्य गरेको भन्दै त्यस बिरुद्द आफुहरु आन्दोलित भएको राष्टिय युवा सघ नेपाल उदयपुरका अध्यक्ष बिमल भण्डारीले बताए ।

अध्यक्ष भण्डारीले नेकपा एमाले मात्र फुटाउन देउवा सरकाले यो अध्यादेश ल्याएको भन्दै यो अध्यादेश फिर्ता नभए राष्टिय युवा सघ ले कडा भन्दा कडा सघर्षका कार्यक्रम ल्याउने र देउवा सरकार लाइ घुडा टेकाउने चेतावनी दिनु भएको छ ।

यस्तै नेपाल खेलकुद माहासघ उदयपुरका अध्यक्ष सागर नेपालले गएको वर्ष केपी शर्मा ओलीले यस्तै अध्यादेश ल्याउँदा माओवादी केन्द्र र नेपाली कांग्रेसले लगायतका दलहरुले बिरोध गरेको भएपनी अहिले आफू सत्तामा पुगेपछि अध्यादेश ल्याउनु नैतिकहीन काम भएकोबताउनु भयो। अध्यक्ष नेपालले एमाले फुटाउनका लागी सहज बनाउन बर्तमान सरकारले यस्तो अध्यादेश ल्याएको भएपनी यो अध्यादेशले नेपाली काग्रेस र देउवा सरकारलाइ समेत अप्ठेरो पर्ने चेतावनी दिए ।

यता अनेरास्बियु उदयपुरका सचिव सन्तोस काफ्लेले माधव कुमार नेपालको आग्रहमा प्रधानमन्त्री शेरबाहादुर देउवाले अध्यादेश ल्याएको बताउदै माधब कुमार नेपाल गद्दार भएको भन्दै एमाले बाट केहि नेता हरु टुक्रिएर गएको बताउदै ढुगा लागेको लेउ जादैमा ढुगा नजाने बताए ।

बिरोध कार्यक्रममा नेकपा एमाले राष्टिय परिसद सदस्य तथा प्रदेश १ प्रदेश सभा सदस्य अम्बिका थापा नेकपा एमाले राष्टिय परिसद सदस्य तथा जिल्ला समन्वय समिति उदयपुर प्रमुख खडग बाहादुर दर्लान नेकपा एमाले उदयपुर सचिव कुशलबाबु बस्नेत नेपाल खेलकुद माहासघ सचिव शम्भु पोडेल लगायतका नेता तथा कार्यकताहरुको सहभागिता रहेको थियो ।

सरकारले कुनै राजनीतिक दल विभाजन गर्नका लाागि केन्द्रीय समिति वा संसदीय दलमा २०प्रतिशत सदस्य भए पुनेगरी राजनीतिक दल सम्बन्धी ऐन २०७३ मा संशोधन गर्दै अध्यादेश ल्याएको बिरोधमा बिरोध प्रदर्शन गरीएको हो ।













# साफ फुटबलको मिति तोकियो

❖ बिबेक राई

*गाईघाट, भदौ २*

*दक्षिण एशियाली फुटबल महासंघ (साफ) ले माल्दिभ्समा हुन गइरहेको १३ औँ साफ च्याम्पियनसिपको लागि मिति र खेल तालिका तोकेको हो । यसअघि आयोजक राष्ट्र माल्दिभ्स र प्रतियोगिता हुने मिति २०21 अक्टोबर १ देखि १३ सम्म भनेर सञ्चालन हुने मितिमात्र तोकिएको थियो । तर बुधबार प्रतियोगिताको पुरा खेल तालिका नै सार्वजनिक भएको छ । प्रतियोगिताको सम्पूर्ण खेलहरु माल्दिभ्सको राजधानी मालेस्थीत राष्ट्रिय फुटबल रंगशालामा खेलाइनेछ । यसपटक पाँच राष्ट्रले मात्र सहभागिता जनाउने भएको हुनाले राउण्ड रोबिन आधारमा लिग तरिकाले खेलाइनेछ । लिगपछि शिर्ष दुई टोलीले*

दक्षिण एशियाली राष्ट्रहरुको सबैभन्दा प्रतिष्ठित फुटबल प्रतियोगिता साफ च्याम्पियनसिपको मिति र स्थान तोकिएको छ ।

दक्षिण एशियाली फुटबल महासंघ (साफ) ले माल्दिभ्समा हुन गइरहेको १३ औँ साफ च्याम्पियनसिपको लागि मिति र खेल तालिका तोकेको हो। यसअघि आयोजक राष्ट्र माल्दिभ्स र प्रतियोगिता हुने मिति २०२१ अक्टोबर १ देखि १३ सम्म भनेर सञ्चालन हुने मितिमात्र तोकिएको थियो । तर बुधबार प्रतियोगिताको पुरा खेल तालिका नै सार्वजनिक भएको छ ।

प्रतियोगिताको सम्पूर्ण खेलहरु माल्दिभ्सको राजधानी मालेस्थीत राष्ट्रिय फुटबल रंगशालामा खेलाइनेछ । यसपटक पाँच राष्ट्रले मात्र सहभागिता जनाउने भएको हुनाले राउण्ड रोबिन आधारमा लिग तरिकाले खेलाइनेछ । लिगपछि शिर्ष दुई टोलीले उपाधिको लागि फाइनल खेल्नेछन् । यस्तो लिगको ढाँचामा साफका सुरुका पहिलो संस्करण खेलाइएछि त्यसयता अहिलेसम्म खेलाइएको थिएन। साफमा यो ढाँचामा दोस्रोपटक प्रतियोगिता हुन लागेको हो भन्दापनि हुन्छ।

१९९३ को पहिलो संस्करणमा भारत,श्रीलंका, नेपाल र पाकिस्तान चार राष्ट्रले मात्र सहभागिता जनाएपछि सिंगल राउण्ड रोबिनको आधारमा प्रतियोगिता खेलाइएको थियो । त्यतिबेला लिगजस्तै अंकका आधारमा भारत विजेता, श्रीलंका उपविजेता, नेपाल तेस्रो र पाकिस्तान चौथो भएको थियो । त्यतिबेला सार्क गोल्डकपको नामले प्रतियोगिता खेलाइएको थियो । दोस्रो संस्करणयता सहभागि राष्ट्रहरुलाई समुह विभाजन गरि लिगकम नकआउट आधारमा सञ्चालन हुँदै आएको छ ।

तर यसपटक सहभागि राष्ट्र पाँच मात्र हुने भएकोले पनि पहिलो संस्करणभैँ लिगको ढाँचामा प्रतियोगिता हुनेभएको हो । कोरोनाको प्रभावको बेला कडा नियम ल्याउँदै भुटानले आफ्ना खेलाडीलाई देश बाहिर नपठाउने भएको छभने फिफाले पाकिस्तानलाई फुटबलमा राजनैतिक हस्तक्षेप भएको भन्दै प्रतिबन्ध लाएको छ। त्यसपछि भारत, आयोजक माल्दिभ्स, श्रीलंका, नेपाल र बंगलादेश गरि पाँच राष्ट्रमात्र सहभागि हुने भएका छन् । पाँच राष्ट्रमात्र सहभागि हुने भएकोले पनि यसपालि लिग ढाँचामा खेलाइने भएको हो । तर पहिलो संस्करणमा जस्तो नभएर थोरै केहि परिवर्तन भने हुने भएको छ। पहिलो संस्करणमा चाँहि लिगजस्तो एकअर्कासँग खेलाएर अंकको आधारमा विजेता घोषणा गरिएको थियो । यसपटक भने राउण्ड रोबिन आधारमा एकअर्कासँग प्रतिस्पर्धा त गर्नेछन् तर अंकको आधारमा विजेता घोषणा नगरि अंकको आधारमा शिर्ष दुई टोली छानेर फाइनल अेल खेलाइनेछ । यहि अक्टोबर १ तारिख उद्घाटन दिनको उद्घाटन खेलमै नेपालले आयोजक माल्दिभ्सको सामना गर्नुपर्ने भएको छ।

उद्घाटन दिनको दोस्रो खेलमा श्रीलंका र बंगलादेश भिड्नेछन् । अक्टोबर ३ मा बंगलादेशले भारत र श्रीलंकाले नेपालको सामना गर्नेछन्। प्रतियोगिताको तेस्रो खेल हुने दिन अर्थात थर्ड म्याच डे अक्टोबर ६ मा भारत र श्रीलंका अनि माल्दिभ्स र बंगलादेशले प्रतिस्पर्धा गर्नेछन् । अक्टोबर ८ मा माल्दिभ्सले श्रीलंकाको र नेपालले भारतको सामना गर्नेछन् । अक्टोबर ११ मा बंगलादेशले नेपाल र भारतले माल्दिभ्सको सामना गरेपछि राउण्ड रोबिनको प्रथम चरणको खेलहरु सकिनेछ ।

त्यसपछि अंकको आधारमा शिर्ष दुई टोलीले उपाधिको लागि फाइनल खेल्नेछन् । साफमा सबैभन्दा सफल टोली भारत हो । भारतले सातपटक उपाधि जितेको छभने त्यसपछि माल्दिभ्सले दुईपटक उपाधि जितेको ईतिहाँस छ ।

नेपालले साग फुटबलमा स्वर्ण जितेको भएपनि साफ भने जित्न सकेको छैन । साफको फाइनल पनि नपुगेको नेपालको लागि सेमिफाइनलसम्मको यात्रा नै साफमा अहिलेसम्मको ठुलो उपलब्धि हो । तर साफ उपाधि नजित्ने टोली पाकिस्तान र भुटानभन्दा नेपालको सफल साफ इतिहाँस छ ।






**प्रियंका फैन्सी पसल**

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४





प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट